नेपाल सरकार

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

तिहार पर्व, छठ पर्व २०८३ र नेपाल सम्वत् ११४७ को शुभकामना सन्देश

नेपाली हिन्दु धर्मालम्बीहरुको महान् चाड तिहार तथा छठ पर्व २०८३ र नेपाल सम्वत् ११४७ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईहरुमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

तिहारमा मानव र अन्य जनावरबीचको सुसम्बन्धको प्रतीक स्वरुप काग, कुकुर, गाई लगायत गोबर्धन पर्वतको पूजा अर्चना गरी अन्तिम दिन दिदीबहिनी तथा दाजुभाईहरुबीच भाईटिका लगाईने गरिन्छ। उज्यालो पर्व एवं दिपावलीको रुपमा समेत चिनिने यो पर्वमा देउसी भैलो खेल्दै आपसी सद्भावको अभिवृद्धिका साथै मौलिक संस्कृतिको पुस्तान्तरण हुँदै आएको छ। नेवारी समुदायले म्हः पूजा गर्ने पर्व पनि यसै पर्वको अभिन्न पक्षको रुपमा रहिआएको छ।

राष्ट्रिय विभूति शंखधर शाख्वाद्वारा प्रवर्तन गरिएको नेपाल सम्वत्लाई काठमाण्डौ उपत्यका लगायत नेवार समुदायको वाहुल्यता रहेका स्थानमा यस पर्वलाई नयाँ वर्षको रुपमा मनाउने गरिन्छ। त्यसैगरी प्रत्येक वर्ष कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म खासगरी नेपालको तराई तथा मधेश क्षेत्रमा मनाईने छठ पर्वमा सूर्य देवता र छठी माताको पूजा अर्चना गरिन्छ। श्रद्धालुहरु रातभर खोला तथा पोखरीको किनारामा जाग्राम बसी अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिने गर्दछन्। पछिल्लो समय नेपालको अन्य भू:भागमा पनि यो पर्व मनाउने प्रचलन बढ्दो छ।

परापूर्वकालदेखि हर्षोल्लासपूर्वक मनाउँदै आईरहेका हाम्रा यी चाडपर्वहरुले विश्वका विभिन्न स्थानमा छरिएर रहेका समस्त नेपालीहरुको धार्मिक तथा सांस्कृतिक विविधताबीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्पारिक सहयोगलाई थप प्रगाढ तुल्याउनुका साथै आफ्नो संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा अझै टेवा पुऱ्याउने विश्वास लिएको छु। खुशियाली तथा हार्दिकता साँटासाँटसहित यी पर्वहरुले समुदायमा आपसी रिस, राग र द्वेषलाई बिर्सदै समस्त नेपालीजनहरुलाई एकताको डोरीमा बाँध्न प्रेरित गर्ने मैले महसुस गरेको छु।

अन्त्यमा, यी पर्वहरुले हामी सबैमा राष्ट्र र राष्ट्रियता प्रतिको गहिरो प्रेम, भातृत्व, दीगो शान्ति र सामाजिक सहिष्णुताको लागि थप प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०८३ कार्तिक २१ गते, शनिबार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ